# कार्यकारी सारांश

कृषि तथा पशुपन्छी विकास मन्त्रालय अन्तर्गतको ग्रामीण आर्थिक तथा उद्यम विकास आयोजना (REED Project) ले साना उत्पादक र कृषिजन्य वस्तुहरुको मूल्य श्रृंखलामा महत्वपूर्ण भूमिका निर्वाह गर्ने पक्षहरुबीचको बजार सम्पर्क सदृढीकरण र देशका प्रमुख आर्थिक करिडोरहरुमा उद्यम विकासका लागि अनुकूल वातावरण निर्माण गर्दै ग्रामीण उद्यम विकासलाई प्रोत्साहित गर्ने लक्ष्य लिएको छ । यस आयोजनाले साझेदारी तथा उनीहरुको समुदायलाई टेवा पुऱ्याउन उत्पादनमूलक साझेदारी (PP)को सुरु व्यवसाय आयोजना (Start-up business plans) र त्यसको विस्तार गर्न आवश्यक पर्ने पूर्वाधारहरु (Last mile infrastructures) जस्तैः फिडर रोड (सहायक सडक), पुल, रज्जु मार्ग र साना जलाशय तथा सिंचाई आयोजना निर्माणका लागि आर्थिक लगायत अन्य सहायताहरु उपलब्ध गराउनेछ । साथै यस आयोजनाले क्षेत्रीय बजार केन्द्र र कृषि उत्कृष्टता केन्द्र (Agriculture centers of excellence) को रुपमा बजार तथा निर्यात प्रवर्धन पूर्वाधार निर्माण गर्नेछ । यस आयोजनामा विश्व बैंकको लगानी रहनेछ । यस वातावरणीय तथा सामाजिक व्यवस्थापन रुपरेखा (ESMF) ले आयोजना क्रियाकलापहरुबाट उत्पन्न हुने वातावरणीय तथा सामाजिक जोखिम र प्रभावहरुलाई व्यवस्थित गर्न नीति तथा कार्यविधिहरु निर्धारण गरेको छ । तथापि आयोजना डिजाइन तथा तयारीका क्रममा यस आयोजना अन्तर्गत अवलम्बन गरिने न्यूनीकरणका निश्चित उपाय तथा स्थानहरु पहिचान गर्न बाँकी छ भने प्रभावहरु समेत स्पष्ट भइसकेको छैन । यो प्रतिवेदन विश्व बैंकको वातावरणीय तथा सामाजिक रुपरेखा (ESF) लगायत १० वटा वातावरणीय तथा सामाजिक मापदण्ड (ESS) अनुरुप तयार पारिएको छ । ESS ९ बाहेक सबै वातावरणीय तथा सामाजिक मापदण्डहरु यस आयोजनासँग सान्दर्भिक रहेका छन् । यस आयोजनाद्वारा गरिने सबै लगानीमा राष्ट्रिय वातावरण संरक्षण ऐन तथा नियमावली साथै विश्व बैंकको सान्दर्भिक वातावरणीय तथा सामाजिक मापदण्डहरु (ESSs) लागू हुनेछन् ।

तल दिइएको तालिकाले आयोजनामा लागू हुने प्रत्येक वातावरणीय तथा सामाजिक मापदण्ड (ESS) को प्रयोजनीयता तथा सान्दर्भिकताको सिंहावलोकन प्रस्तुत गरेको छ ।

**विश्व बैंकको वातावरणीय तथा सामाजिक मापदण्ड (ESS) को प्रयोजनीयता**

| विश्व बैंकको ESS | सान्दर्भिक हुने/नहुने | ESS को सान्दर्भिकताको सिंहावलोकन |
|---|---|---|
| **ESS १ :** वातावरणीय तथा सामाजिक जोखिम र प्रभावहरुको मूल्यांकन तथा व्यवस्थापन | सान्दर्भिक हुने | उत्पादनमूलक साझेदारी (PP) उपआयोजनाहरु, लास्ट माइल पूर्वाधार वा बजार तथा निर्यात प्रवर्धन उपआयोजनाहरुले वातावरणीय तथा सामाजिक जोखिम र प्रभावहरु पार्ने सम्भावना रहेको छ । |
| **ESS २ :** श्रम तथा काम गर्ने अवस्था | सान्दर्भिक हुने | यो मापदण्ड आयोजनामा संलग्न हुने नयाँ नियुक्त गरिएका र कृषि तथा पशुपन्छी विकास मन्त्रालय र |

| | | |
|---|---|---|
| | | अन्य सरकारी निकाय मातहतका कर्मचारीहरु र निर्माण व्यवसायीहरु सहित सम्पूर्ण आयोजना संगठनमा सान्दर्भिक हुनेछ । यसमा श्रम तथा काम गर्ने अवस्था सम्बन्धी मुलुकको प्रचलित कानून र आयोजनामा काम गर्ने कामदार तथा कर्मचारीहरुको सम्भावित संख्यालाई आधार मानी मूल्यांकन तथा लेखाजोखा गरिन्छ । |
| **ESS ३** : स्रोत दक्षता र प्रदूषण रोकथाम तथा व्यवस्थापन | सान्दर्भिक हुने | निर्माणको क्रममा जल तथा वायु प्रदूषण हुने सम्भावना रहेकोले यो मापदण्ड लागू हुन्छ । साथै व्यवसायिक कृषि उत्पादन र प्रशोधन गर्दा विषादी र रसायनहरुको प्रयोग हुन सक्ने कारणले गर्दा सम्भावित प्रदूषणलाई ध्यान दिनुपर्ने हुन्छ । |
| **ESS ४** : सामुदायिक स्वास्थ्य तथा सुरक्षा | सान्दर्भिक हुने | आयोजना कार्यान्वयनका सबै चरणहरु लगायत साना पूर्वाधार र उत्पादनमूलक साझेदारी (PP) उत्पादन र व्यापार सम्बन्धी क्रियाकलापहरुमा यो मापदण्ड लागू हुनेछ। यस अन्तर्गत गरिने मूल्यांकन तथा लेखाजोखाले साना ग्राम (Village) निर्माण र PP क्रियाकलापहरुमा त्यहाँका स्थानीय वासिन्दा तथा समुदायहरुको स्वास्थ्य र सुरक्षा जोखिमलाई केन्द्रबिन्दुमा राख्दछ । |
| **ESS ५** : जग्गा प्राप्ति, भूउपयोग र अस्वैच्छिक पूनर्वासमा निषेध | सान्दर्भिक हुने | यस आयोजनाले अस्वैच्छिक जग्गा प्राप्ति र मानिहरुको भौतिक र/वा आर्थिक विस्थापन हुने गरी भूउपयोग गर्ने अपेक्षा गरेको छैन । तथापि एउटा पूर्वसावधानीको उपायका रुपमा यस मापदण्डलाई सान्दर्भिक ठानिएको छ । |
| **ESS ६** : जैविक विविधता संरक्षण र सजीव प्राकृतिक स्रोतहरुको दिगो व्यवस्थापन | सान्दर्भिक हुने | कृषि उत्पादन क्षेत्रको विस्तारले मुलुकको वन र प्राकृतिक वासस्थानमा प्रतिकूल प्रभाव पार्न सक्छ। यस अन्तर्गत गरिने मूल्यांकन तथा लेखाजोखाले वन, प्राकृतिक वासस्थान र वन्यजन्तुमाथि पर्ने सम्भावित प्रत्यक्ष अल्पकालीन तथा दीर्घकालीन प्रभावहरुलाई ध्यान दिन्छ । |
| **ESS ७** : आदिवासी जनजाति/अफ्रिकी उपसहारा क्षेत्रका ऐतिहासिक रुपमै पछाडि पारिएका परम्परागत | सान्दर्भिक हुने | यस आयोजना सातै प्रदेशमा कार्यान्वयन हुने अपेक्षा गरिएको छ । यस अन्तर्गत गरिने मूल्यांकन तथा लेखाजोखाले विश्व बैंकको ESS ७ मा परिभाषित भए बमोजिम आदिवासी जनजातिका रुपमा योग्य हुने जातीय अल्पसंख्यकहरुको उपस्थिती रहने नरहने |

| | | |
|---|---|---|
| स्थानीय समुदायहरु | | निर्क्योल गर्नेछ । |
| **ESS ८ :** सांस्कृतिक सम्पदा | सान्दर्भिक हुने | यस अन्तर्गत गरिने मूल्यांकन तथा लेखाजोखाले आयोजना क्षेत्रमा सांस्कृतिक सम्पदाहरुको उपस्थिती रहने नरहने र सडक, उत्पादनमूलक साझेदारी (PP) तथा सार्वजनिक सुविधाहरुको निर्माणका क्रममा त्यस्ता सम्पदाहरुसँग जम्काभेट हुन सक्ने नसक्ने सम्बन्धमा निर्क्योल गर्नेछ । |
| **ESS १० :** सरोकारवालाहरुको सहभागिता र सूचनाको सार्वजनिकीकरण | सान्दर्भिक हुने | आयोजनाको सफल कार्यान्वयन र सूचना आदानप्रदान तथा उजुरी र गुनासाहरुको सम्बोधनका लागि आवश्यक संयन्त्रको व्यवस्था रहेको सुनिश्चित गर्न पहिचान गरिएका विविध सरोकारवाला समूहहरुको प्रभावकारी तथा अर्थपूर्ण संलग्नता र सहभागिता महत्वपूर्ण हुन्छ । |

***नेपालमा विद्यमान वातावरणीय तथा सामाजिक सवालहरु ।*** नेपालको वातावरणीय तथा सामाजिक पार्श्वचित्र (प्रोफाइल) सम्बन्धमा गरिएको एक द्रुत सर्वेक्षणले मुलुकमा विद्यमान सामाजिक तथा वातावरणीय सवालहरुको एउटा सूची तयार पारेको छ । जुन निम्न बमोजिम छन् : (१) रुख कटान तथा वनस्पति फँडानीले गर्दा भू-क्षयीकरण भइरहेको छ भने बाढी, भूक्षय र पहिरो आदि समेत सेडिमेन्टेसनका प्रमुख कारणहरु हुन् ; (२) बारम्बार भइरहेका डढेलोबाट वर्षेनी हजारौं हेक्टर वन क्षेत्र र जैविक विविधता विनाश हुने गरेको छ ; (३) विपद्जन्य मृत्युको ५५ प्रतिशत हिस्सा रोगको महामारीले ओगटेको छ ; (४) नेपालको कूल जनसंख्याको २५ प्रतिशत जनता राष्ट्रिय गरिबीको रेखामुनि रहेका छन् ; (५) गुणस्तरहिन श्रम अभ्यास र काम गर्ने अवस्था लगायत बालश्रमसँग जोडिएका सवालहरुको व्यापकता ; (६) बालबालिकाहरुमा कुपोषणको उच्च दर ; (७) जातीय आदिवासी समुदाय र दलित सदस्यहरुको सामाजिक तथा राजनीतिक वञ्चितीकरण र (८) लैंगिक सवालहरु ।

***सम्भावित प्रभाव तथा जोखिमहरु ।*** यी विद्यमान सवालहरुका कारण यस आयोजनाबाट देहायका जोखिम/सम्भावित प्रभावहरु पर्ने देखिन्छ : (१) निर्माण व्यवसायीहरु र उत्पादनमूलक साझेदारी (PP) व्यवसाय सञ्चालनबीच श्रम तथा काम गर्ने अवस्थाको मापदण्ड पूरा गर्न नसक्नु ; (२) तीव्र उत्पादन र नयाँ फँडानी हुने स्थानहरुमा भू-क्षयीकरण ; (३) निर्माण विशेषगरी पहाडी क्षेत्रमा गरिने सडकको पुनर्स्थापना तथा स्तरोन्नतीबाट पहिरो र कटान हुन गई नदी र खोलाहरुमा स्थानीयकृत सेडिमेन्टेसनको समस्या आाउने ; (४) विषादी र कृषि रसायनहरुको सम्भावित बढ्दो प्रयोगबाट दीर्घकालीन रुपमा व्यापक प्रदूषण ; (५) उत्पादनमूलक साझेदारी (PP) सम्बन्धी केन्द्रहरुको सञ्चालनबाट फोहोर उत्पादन हुने सम्भावना ; (६) आयोजना समुदायहरुमा रोग फैलिने लगायत सामुदायिक स्वास्थ्य तथा सुरक्षाका सवालहरु, निर्माणस्थल र सवारीमार्गमा सुरक्षा तथा ट्राफिक जोखिमको सम्मुखता (Exposure) र

स्थानीय वासिन्दा र निर्माणकर्मीहरुबीचको सम्भावित द्वन्द्व ; (७) प्राकृतिक वासस्थान तथा जैविक विविधतामा हानी नोक्सानी र कृषि क्षेत्र विस्तारका लागि गरिने वन/चरणभूमिको फँडानी, नयाँ सडकहरुको निर्माण र प्राकृतिक वासस्थान रहेका वन तथा संरक्षित क्षेत्रहरुको अतिक्रमणबाट वन्यजन्तुलाई खलल पुग्ने ; (८) उत्पादनमूलक साझेदारी (PP) बाट सहयोग प्राप्त नगदे बाली खेतीका कारण साना किसानहरुको करेसाबारीमा हानी नोक्सानी भई पोषणको समस्या बढ्ने ; (९) जग्गा प्राप्तिको कारण सम्पत्तीमा अस्वैच्छिक हानी नोक्सानी हुने ; (९) आदिवासी जनजातिको अधिकारको सम्मान हुन नसक्ने र जातीय अल्पसंख्यक तथा दलितहरु आयोजनाको लाभ उपभोग गर्नबाट बञ्चित हुन सक्ने ; (१०) सांस्कृतिक सम्पदा स्थलहरु, धरोहर तथा संरचनाहरु, परम्परागत ज्ञान, सीप र संस्कृतिमा प्रतिकूल प्रभाव पर्न सक्ने र (११) श्रमिकहरुको आगमनका कारण आयोजना क्षेत्रभित्रको समुदाय यौन शोषण तथा दुर्व्यवहार/यौन उत्पीडन (SEA/SH) का घटनाबाट प्रभावित हुन सक्ने ।

***वातावरणीय तथा सामाजिक जोखिम व्यवस्थापन ।*** डिजाइन तथा पद्धति सम्बन्धी उपायहरु अवलम्बन गरी यी जोखिमहरु न्यूनीकरण गर्न सकिन्छ । यस अन्तर्गत विशिष्ट उपआयोजनाहरुका सामान्य (Generic) न्यूनीकरण योजना तथा अन्य रुपरेखाहरु निर्माण गरिनुका साथै उपआयोजना प्रस्तावहरुको तयारी र पुनरीक्षण (Vetting) का लागि आन्तरिक नियन्त्रण प्रणाली अवलम्बन गरिन्छ ।

**आयोजना डिजाइन उपाय तथा पद्धतिहरु ।** यस आयोजनाले देहाय बमोजिमका डिजाइन उपाय तथा पद्धतिहरु अवलम्बन गर्नेछ : (क) महत्वपूर्ण निर्णयहरु गर्दा आदिवासी जनजाति तथा दलित समुदायहरु र महिला समूहहरुका आवाजलाई स्थान दिइएको सुनिश्चित गर्न उनीहरुका प्रतिनिधिहरुलाई सहभागी गराई आर्थिक करिडोर र उपआयोजनाको निर्माणमा सरोकारवालाहरुसँग निकट परामर्श । सरोकारवालाहरुको सहभागिता योजना तयार पारिएको छ जसले आयोजना कार्यान्वयनका क्रममा कसरी उनीहरुको सहभागिता सुनिश्चित गर्न सकिन्छ भन्ने सम्बन्धमा आवश्यक पद्धति तथा रणनीति खाका प्रस्तुत गरेको छ ; (ख) सबै सरोकारवालाहरुको पहुँचयोग्य र आयोजनाका सम्पूर्ण पक्षहरुसँग सम्बन्धित गुनासाहरुलाई स्थान दिने बहुतहगत गुनासो व्यवस्थापन संयन्त्रको स्थापना ; (ग) उच्च जोखिमयुक्त आयोजनाहरुको पृथकीकरण गर्न/रोक्न उपआयोजनाहको योग्यताका आधारहरु तयार ; (घ) पूर्वाधार उपआयोजनाहरुको डिजाइन गर्दा स्थानीय अनुकूल कार्ययोजना, २०६८ (LAPA, 2011) अनुरुप जलवायु उत्थानशीलतामा ध्यान र (ङ) अनुदान प्राप्त गर्ने उत्पादनमूलक साझेदारीहरु (PPs) ले उनीहरुका साझेदारी र योजना/कार्यक्रमहरुमा सामाजिक समावेशीता सुनिश्चित गर्दै कार्यसञ्चालनमा सदस्य र कामदारहरुको संख्या विस्तार गर्न खुला सदस्यताको नीति अवलम्बन गर्नुपर्ने अनिवार्यता ।

**सामान्य (Generic) वातावरणीय तथा सामाजिक व्यवस्थापन योजना (ESMP), स्वरुप, प्रोटोकल तथा अन्य व्यवस्थापन रुपरेखाहरु ।** मूल्यांकन तथा लेखाजोखाका क्रममा पहिचान गरिएका प्रत्येक जोखिम र सम्भावित प्रभावका सर्वस्वीकार्य न्यूनीकरणका उपायसहितको एक सामान्य (Generic) वातावरणीय तथा सामाजिक व्यवस्थापन योजना तयार पारिएको छ । विभिन्न स्वरुप, ढाँचा र रुपरेखा समेटिएको यस प्रकारको सामान्य (Generic) वातावरणीय तथा सामाजिक व्यवस्थापन योजनाले विशिष्ट (Individual) उपआयोजना ESMPs र त्यससँग सम्बन्धित योजनाहरुको मूल्यांकन तथा तयारीको क्रममा सन्दर्भ सामग्रीको रुपमा सहयोग गर्नेछ । जग्गा प्राप्ति र अस्वैच्छिक पुनर्वासबाट पर्ने प्रभावका सम्बन्धमा एउटा छुट्टै पुनर्वास नीति ढाँचा (RPF) तयार पारिएको छ जसले विशिष्ट उपआयोजना पुनर्वास कार्ययोजना (RAP) निर्माणमा मार्गदर्शन प्रदान गर्दछ । यसैगरी आदिवासी जनजातिका

सवालहरुलाई सम्बोधन गर्न विश्व बैंकको मापदण्ड बमोजिम एउटा छुट्टै आदिवासी जनजाती नीति ढाँचा (IPPF) तयार पारिएको छ । आयोजना कार्यान्वयनका क्रममा सरोकारवालाहरुको सहभागिता सम्बन्धी पद्धति तथा रणनीतिहरुका खाका तथा बहुतहगत र आयोजनाव्यापी गुनासो व्यवस्थापन संयन्त्र (GRM) स्थापनाका चरणहरु तथा सञ्चालन प्रक्रिया र संस्थागत व्यवस्था समेटिएको सरोकारवाला सहभागिता योजना (SEP) तयार पारिएको छ । ESMF मा उल्लेख भए बमोजिम राष्ट्रिय कानून र ESS २ अनुरुप आयोजनाको लागि श्रम व्यवस्थापन कार्यविधि तयार गरिनेछ । जोखिमको स्तर अनुरुपको आपत्कालीन प्रतिकार्य योजना तर्जुमा गरी आवश्यकता अनुसार अवलम्बन गरिनेछ जसले समुदाय, श्रमिक आदिमा पर्ने जोखिमलाई सम्बोधन गर्नेछ । यसले विभेदरहित, समान अवसर, स्वास्थ्य तथा सुरक्षा, कामदार/समुदायको सुरक्षा सम्बन्धी सिद्धान्तलाई आत्मसात गर्दै निर्माण व्यवसायी, आयोजना कर्मचारी र उपनिर्माण व्यवसायी (Sub-contractors) हरुमा लागू हुनेछ ।

**<u>उपआयोजनाहरुको आन्तरिक पुनरीक्षण (Internal Vetting) प्रक्रिया</u> ।** आयोजनाको स्थलगत क्रियाकलापहरुबाट पर्ने वातावरणीय तथा सामाजिक जोखिम र प्रभावहरुको व्यवस्थापन प्रत्येक उपआयोजनामा गरिनेछ । उपआयोजनाहरु उत्पादनमूलक साझेदारी (PP) व्यवसायका उपक्रमहरु हुन् जसमा आयोजनाबाट प्राप्त लगानी, लास्ट माइल पूर्वाधार र बजार तथा निर्यात प्रवर्धन पूर्वाधार समावेश भएका हुन्छन् । यी उपआयोजनाहरुको तयारी, पुनरावलोकन र स्वीकृती देहायका चरण अनुसार सम्पन्न गरिनेछ :

(१) वातावरणीय तथा सामाजिक जाँच (स्क्रिनिङ)- राष्ट्रिय प्रावधान र विश्व बैंकको ESS बमोजिम लगानीको लागि उपआयोजना योग्य छ भन्ने सुनिश्चित गरी जोखिमको वर्ग, क्षेत्र तथा मूल्यांकनको तह र आवश्यक उपकरणका प्रकारहरु निर्धारण गर्न प्रस्ताव तर्जुमा टोलीद्वारा उपआयोजना प्रस्तावहरुको प्रारम्भिक जाँच (स्क्रिनिङ) गरिनेछ । जाँच (स्क्रिनिङि) ले उपआयोजनाहरुलाई चार वर्गमा वर्गीकरण गर्नेछ :

(क) **वर्ग १** अन्तर्गत पर्ने उपआयोजनाहरुलाई REED आयोजनाले सहायता उपलब्ध गराउनेछैन । अयोग्य आयोजनाहरुलाई अनुसूची १ बमोजिको बहिस्करण सूची (Exclusion list) मा उल्लेख गरिएको छ ।

(ख) **वर्ग २** अन्तर्गत उल्लेख्य प्रतिकूल वातावरणीय र/वा सामाजिक प्रभाव पर्ने तर सम्बन्धित स्थलगत क्रियाकलाप र यस वरपरका क्षेत्रमा मात्रै सिमित रहने र जसलाई थाहा भइसकेको र तत्कालै उपलब्ध हुने न्यूनीकरणका उपायहरुद्वारा सम्बोधन गर्न सकिने खालका उपआयोजनाहरु पर्दछन् । यी उपआयोजनाहरुका लागि संक्षिप्त वातावरणीय अध्ययन वा प्रारम्भिक वातावरणीय परीक्षण वा वातावरणीय प्रभाव मूल्यांकन आवश्यक पर्न सक्छ जसलाई ESMPs मा समावेश गरिनेछ ।

(ग) **वर्ग ३** अन्तर्गतका उपआयोजनाहरु ती हुन् जसमा प्रभावको मध्यम जोखिम रहेको हुन्छ र ESMPs तयार पार्नुपर्दछ । यदि प्रभावहरु निश्चित क्षेत्रमा सिमित रहन्छन्, तटस्थ गर्न/उल्ट्याउन सकिने (Reversible) र न्यूनीकरणका उपायहरुद्वारा सम्बोधन गर्न सकिने

खालका छन् भने त्यस्ता क्रियाकलापलाई वर्ग ३ मा समाविष्ट गरिन्छ । यसमा संक्षिप्त वातावरणीय अध्ययन आवश्यक पर्न सक्छ ।

(घ) **वर्ग ४** अन्तर्गतका उपआयोजनाहरुबाट नगण्य वा कुनै प्रकारको प्रतिकूल वातावरणीय र/वा सामाजिक प्रभाव पर्दैन । यस्ता उपआयोजनाहरुका लागि प्रारम्भिक जाँच (स्क्रिनिङ) बाहेक थप वातावरणीय तथा सामाजिक मूल्यांकन आवश्यक पर्दैन ।

(२) आवश्यक वातावरणीय तथा सामाजिक (E&S) उपकरणहरुको तयारी- आयोजनाहरुको जाँच (स्क्रिनिङ) सम्पन्न भइसकेपछि वातावरणीय तथा सामाजिक रुपरेखा (ESF) ले तोकेका आवश्यक प्रावधानहरु आबद्ध गरिएको सुनिश्चित गर्दै प्रस्तावक, आर्थिक करिडोर कार्यालय (ECO) र आयोजना निर्देशकको कार्यालय (OPD) ले वातावरणीय तथा सामाजिक मूल्यांकन प्रतिवेदनहरु लगायत ESMPs को तयारीका लागि कार्यसूची (TOR) निर्माण गर्नेछन् । त्यसपछि उक्त कार्यसूचीलाई स्वीकृतीका लागि सम्बन्धित निकाय समक्ष पेश गरिनेछ । स्वीकृत कार्यसूची बमोजिम E&S मूल्यांकन गर्न एक परामर्शदाता नियक्त गरिनेछ । आवश्यक अनुसार वातावरणीय तथा सामाजिक मूल्यांकन प्रतिवेदनसँगै र उपआयोजना विशिष्ट ESMPs समावेश गरी पुनर्वास कार्ययोजना (RAP), आदिवासी जनजाति योजना (IPP), विषादी व्यवस्थापन योजना, श्रम व्यवस्थापन कार्यविधि र आपत्कालीन प्रतिकार्य योजना एकैसाथ तयार गर्नुपर्नेछ ।

(३) उपआयोजनाको स्वीकृती- सबै उपआयोजनाहरुलाई OPD E&S विशेषज्ञहरुले पुनरावलोकन गरी स्वीकृत गर्नुपर्नेछ । यसरी स्वीकृत गर्दा OPD ले वातावरणीय तथा सामाजिक मूल्यांकनमा पहिचान भएका सबै प्रभावहरुलाई उपआयोजनाको ESMP मा लेखाजोखा गरी पर्याप्त मात्रामा सम्बोधन गरिएको सुनिश्चित गर्नुपर्नेछ ।

(४) न्यूनीकरणका उपायहरुको कार्यान्वयन- खरीदको चरणमा प्रस्तावले पहिले नै RAP, IPP र ESMP मा उल्लेखित केही उपायहरुको कार्यान्वयन सुरु गर्न सक्नेछ ।

***अनुपालन अनुगमन (Compliance Monitoring)***- उपआयोजना प्रस्तावकहरुले उपआयोजनाको अनुपालन स्थिती र आइपरेका कुनै पनि सवाल तथा व्यवधानहरुका सम्बन्धमा आर्थिक करिडोर कार्यालय (ECO) समक्ष त्रैमाशिक प्रतिवेदन पेश गर्नुपर्नेछ । ECO ले आवश्यकता अनुसार स्थलगत निरीक्षण मार्फत प्रतिवेदन प्रमाणीकरण गरी OPD समक्ष एकीकृत प्रतिवेदन पेश गर्नेछ । त्यसपछि OPD ले आवश्यकता अनुसार सांयोगिक (Random) तथा उद्देश्यकपरक (Purposive) स्थलगत भ्रमण गरी अर्धवार्षिक प्रगति प्रतिवेदनमा समावेश गर्न प्रतिवेनलाई एकीकृत गर्नेछ ।

***संस्थागत व्यवस्था र क्षमता विकास योजना ।*** वातावरणीय तथा सामाजिक जोखिम व्यवस्थापन सम्बन्धी कार्यलाई कृषि तथा पशुपन्छी विकास मन्त्रालयद्वारा स्थापना गरिने आयोजना व्यवस्थापन इकाई (PMU) मा आबद्ध गरिनेछ, जसमा आयोजना निर्देशक समिति (PSC), मुख्य कार्यालयको OPD, आर्थिक करिडोर प्राविधिक समन्वय समितिहरु (ECTCCs), र छानिएका आर्थिक करिडोरहरुका आर्थिक

करिडोर कार्यालय (ECOs) रहनेछन् । प्रदेश तथा स्थानीय सरकारहरुले आफ्ना क्षेत्राधिकारभित्र पर्ने उपआयोजनाहरुको पहिचान तथा कार्यान्वयनमा सहभागिता जनाउनुका साथै ETCTCCs मा प्रतिनिधित्व गर्नेछन् । OPD मा एउटा वातावरणीय तथा सामाजिक इकाई स्थापना गरिनेछ । उक्त इकाईमा एकजना वरिष्ठ वातावरण विशेषज्ञ र एकजना वरिष्ठ सामाजिक विशेषज्ञ रहनेछन् । प्रत्येक ECO मा एक जना वातावरण विशेषज्ञ र एकजना सामाजिक विशेषज्ञ रहनेछन् । वातावरणीय तथा सामाजिक टोलीहरु वातावरणीय तथा सामाजिक चासोहरुका लागि आयोजनाका तोकिएका सम्पर्क व्यक्तिहरु (Focal point persons) द्वारा प्रदेश तथा स्थानीय तहहरुमा प्रतिबिम्बित हुनेछन् । वातावरण तथा सामाजिक विशेषज्ञ र सम्पर्क व्यक्तिहरुको नियमित रुपमा समन्वय बैठक बस्नेछ । उनीहरुलाई ESMF, RPF र IPPF का सम्बन्धमा आवश्यक तालिम प्रदान गरिनेछ ।

साथै वातावरणीय तथा सामाजिक सवालहरुको व्यवस्थापनका लागि विद्यमान क्षमता जोखिम कम्पोनेन्ट (अवयव) २ख मार्फत र संस्थागत क्षमता तथा सीप विकास कार्यक्रम सञ्चालन गरी केही हदसम्म न्यूनीकरण गरिनेछ । यस्ता कार्यक्रमहरुको डिजाइन तयार पारी संघीय तथा विकेन्द्रित सरकारका निकायहरु दुवैको क्षमता सुदृढीकरणका लागि कार्यान्वयनमा ल्याइनेछ । क्षमता विकास कार्यक्रमका क्रममा सरकारी निकायहरुलाई कृषि व्यवसायको मूल्य श्रृंखलामा जलवायुजन्य जोखिम र चुनौतीहरुको पहिचान तथा सम्बोधन गर्ने र जलवायु उत्थानशीलता हासिल गर्न अवलम्बन गरिनुपर्ने उपायहरुका साथै मूल्य श्रृंखला (जस्तैः उत्पादन सामग्री (Input) उपयोग दक्षता, ऊर्जा दक्षता आदि) दक्षता अभिवृद्धि र स्रोतको अधिकतम उपयोग गर्ने रणनीतिका सम्बन्धमा सक्षम बनाइनेछ । प्रदेश तथा गाउँपालिकाहरुमा विशिष्टिकृत मागमा आधारित सेवा तालिम, प्राविधिक मापदण्डका लागि क्षमता विकास र कृषि सामग्री, सेवा तथा उत्पादनका लागि गुणस्तर सुनिश्चितता संयन्त्रको व्यवस्था मिलाइनेछ । आवधिक तथा क्षेत्रगत योजनाहरुको प्रभावकारी कार्यान्वयनका लागि कृषि क्षेत्रको योजना निर्माण, कार्यान्वयन, अनुगमन र प्रतिवेदन सम्बन्धमा स्थानीय सरकारहरुको क्षमता विकास गर्न उनीहरुलाई सहयोग प्रदान गरिनेछ ।